आज मिति २०८२ साल मंसिर २९ गते सोमबारका दिन विहान ७:३० बजे कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/०८३ को पाँचौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री धर्मराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

शाखा अधिकृत श्री लिलानाथ नेपाल

क.अ. श्री विष्णु देवकोटा

वरिष्ठ स्वहायक श्री प्रेम प्रसाद नेपाल

कि.अ. पुरुषोत्तम न्यौपाने

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. १८ औं गाउँसभा अधिवेशन आव्हान सम्बन्धमा।
२. मागमा आधारित तालिम माग गर्ने सम्बन्धमा ।
३. कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धमा ।
४. संगठन संरचना र दरबन्दी तेरिज सहित पददर्ताका लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा ।
५. चालु आ.व. २०८२/०८३ को स्विकृत उपभोक्ता समिति मार्फत संचालनहुने पूर्वाधार योजनाहरुको सम्झौता सम्बन्धमा ।
६. निर्माण कार्यहरुको ठेक्का म्याद थप सम्बन्धमा ।
७. सामुदायिक विकास कार्यक्रम कार्यान्वयनका लागि सिफारिस गर्ने सम्बन्धमा ।
८. अस्थायी क्रसर संचालनका लागि सहमती प्रदान गर्ने सम्बन्धमा ।
९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ स्विकृत गर्ने सम्बन्धमा ।
१०. उपाध्यक्ष विकास कार्यक्रमबाट भुक्तानी सम्बन्धमा ।
११. वडा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१२. विपद् तथा प्रकोप व्यवस्थापन कोषबाट सहायता प्रदान गर्ने सम्बन्धमा ।
१३. महिला विकास शाखा तर्फ विनियोजित बजेटबाट आर्थिक सहायता उपलब्ध गराउने।
१४. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको १८ औं हिउँदे गाउँसभा/अधिवेशनको पहिलो बैठक तपशिलको मिति, स्थान र समयमा आव्हान गर्ने निर्णय गरियो ।

तपशिल

मिति: २०८२/०९/१४ गते

स्थान : कालिका गाउँपालिकाको सभाहल, कालिका-२ धैबुङ, रसुवा ।

समय: विहान ११:३० बजे ।

**निर्णय नं. २**

प्रदेश सुशासन केन्द्र जावलाखेल ललितपूरको मिति २०८२/०८/२६ च.नं. २२५ को मागमा आधारित तालिम सम्बन्धमाको पत्रबाट स्थानीय तहका कार्यपालिका समितिका सदस्यहरुका लागि क्षमता विकास कार्यक्रम माग भएकोले कार्यपालिका समितिका सदस्यहरुको क्षमता विकास कार्यक्रममा तपशिलका विषयहरु समावेश गरिदिन प्रदेश सुशासन केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | तालिम |
|---|---|
| १. | स्थानीय तहको बजेट निर्माण तथा योजना कार्यान्वयन र अनुगमन सम्बन्धी । |
| २. | सार्वजनिक खरिद ऐन तथा नियमावलीहरु सम्बन्धी । |
| ३. | स्थानीय तहमा कार्यपालिका समितिहरुको बैठक सञ्चालन तथा निर्णय प्रक्रिया सम्बन्धी । |
| ४. | स्थानीय तहको ऐन, नियमावली , कार्यविधी, मापदण्ड निर्माण तथा कार्यान्वयन सम्बन्धी । |
| ५. | वन, वातावरण, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी । |
| ६. | सुशासन, सूचना प्रविधि, सदाचारिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार नियन्त्रण सम्बन्धी । |
| ७. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र न्यायिक कार्यसम्पादन तथा मेलमिलाप सम्बन्धी अभिमुखीकरण । |
| ८. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी । |

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैबुङ, रसुवा बागमती प्रदेश, नेपाल २०७३

निर्णय नं. ३

कालिका गाउँपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन अत्यावश्यक रहेको तपशिल बमोजिमको विधेयक तथा कार्यविधिहरु निर्माण गरी गाउँ कार्यापालिका समक्ष पेश गर्न विधायन समितिलाई सैद्धान्तिक सहमति प्रदान गर्ने निर्ण गरियो ।

तपशिल

१. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्थापन गर्ने बनेको विधेयक २०८२
२. बेरुजु फछ्र्यौट कार्यविधि २०८२
३. लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि २०८२
४. गाउँ सभा सचिवालय स्थापना तथा संचालन कार्यविधि २०८२
५. कालिका गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ मा शंसोधन
६. विधायन समिति गठन तथा कार्यसंचालन कार्यविधि २०८२
७. सुशासन समितिको गठन तथा कार्यसंचालन कार्यविधि २०८२

निर्णय नं. ४

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगतको प्रदेश किताबखाना हेटौंडा मकवानपुर बाट विवरण माग सम्बन्धमा मिति २०८२/०८/०५ गते बागमती प्रदेश भित्रको सबै स्थानीय तहहरुलाई लेखिएको च.नं. ९७ को पत्रानुसारको विवरण तयार गरी आवश्यक कागजात समेत संलग्न राखी पद दर्ताका लागि यथाशिघ्र पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रमहरु मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनाहरुको उपभोक्ता समिति गठन गरी सम्झौताको कार्य मिति २०८२/०९/१५ गते भित्र सम्पन्न गर्न गराउन योजना शाखा मार्फत सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६

कालिका गाउँपालिकाद्धारा ठेक्का प्रक्रिया मार्फत संचालनमा रहेका तपशिलमा उल्लेखित आयोजनाहरुको म्याद समाप्त भै म्याद थपका लागि अनुरोध भै आएका तपशिलमा उल्लेखित आयोजनाहरुको म्याद थपका लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | म्याद थप सम्बन्धमा गरिएको निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५ नं. वडा कार्यालय भवन निर्माण | KRM/NCB/CW / 1S2E/2079/ 080/1 | अधिकारी निर्माण सेवा/एल.एस. कन्स्ट्रक्सन जे.भि. | २०८२ मंसिर मसान्त सम्म म्याद रहेकोमा बजारमा निर्माण सामाग्रीको उपलब्धता नभएकोले केही समय लाग्ने देखिएकोले अन्तिम पटकका लागि मिति २०८२ पौष मसान्त सम्मका लागि म्याद थप गर्ने । | थप भएको म्याद भित्र कार्य सम्पन्न गरी आयोजनाको फरफराक सम्पन्न नगरेमा निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन नियमानुसार कार्वाही गर्ने । |
| शहिद स्मृति खेल मैदान निर्माण कालिका-३ रसुवा | KRM/NCB/W ORKS /2081-82/04 | नारायण थान निर्माण सेवा प्रा.लि. | २०८२ असोज मसान्त सम्म म्याद रहेकोमा निर्माण कार्यमा केही आईटमहरुमा भेरियसन आदेश अनिवार्य देखिएकोले २०८२ पौष मसान्त सम्मका लागि म्याद थप गरिदिन अनुरोध भएकोले खेलमैदान निर्माणको क्रममा केही आइटमहरुमा अनिवार्य भेरियसन आदेश गर्नुपर्ने भनी प्राविधिक शाखाबाट समेत जानकारी प्राप्त भएकोले भेरियसन आदेश गर्नुपर्ने विषयमा आवश्यक स्थलगत अध्ययन गरी प्रतिवेदन दिन गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा सम्बन्धित वडा अध्यक्ष, प्राविधिक शाखा प्रमुख र योजना शाखा प्रमुख समेतको टोली खटाई टोलीबाट स्थलगत अनुगमन गराई प्रतिवेदन लिने र प्राप्त प्रतिवेदनको आधारमा भेरियसन आदेश दिनुपर्ने वा नपर्ने एकिन गरी भेरियसन आदेश नभएकै कारण देखिएमा अन्तिम पटकका लागि अधिकतम २०८२ पौष मसान्त सम्म म्याद थप गर्ने । | |

कालिका गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ७**

कालिका गाउँपालिका वडा नं. १ को मिति २०८२/०८/२८ च.नं. २३४ को सामुदायीक विकास कार्यक्रम कार्यान्वयनको लागि उपयुक्त कार्यक्रम छनौट सम्बन्धमाको पत्र तथा कालिका गाउँपालिकाको मिति २०८२/०८/२९ को निर्णयानुसार Nepal water and energy devlopment company मार्फत निर्माणाधिन माथिल्लो त्रिशुली-१, २१६ मेगावाट जलविद्युत आयोजनाको प्रभावित क्षेत्र कालिका गाउँपालिका वडा नं. १ अन्तरगत आ.व. २०८२/०८३ का लागि सामुदायिक विकास कार्यक्रम अन्तरगत तपशिलका आयोजनाहरु समावेश गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाईदिन Nepal Water and energy Development Company Ltd. लाई सिफारिस गर्ने निर्णय गरियो। तपशिल

| क.स. | आयोजना तथा कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | पलेप, आम्बुसे, बान्द्रे, क्रेच्जो जोड्ने सडक निर्माण | ५ करोड | |
| २. | एम्बुलेन्स (Ambulance) खरिद | ५५ लाख | |
| ३. | पलेप खेलकुद मैदान निर्माण | ३० लाख | |
| ४. | श्री सेति भुमे माध्यमिक विध्यालय छात्रा वास निर्माण | २ करोड | |
| ५. | विभिन्न खेलकुद तथा सांस्कृतिक सामाग्रि खरिद | ७० लाख | |
| ७. | कालिका गाउँपालिका सभा हल निर्माण तथा व्यवस्थापन | ४० लाख | |
| ८. | प्राजो पोलङ्चेत नागरदुङ गो.बा. निर्माण | १५ लाख | |
| ९. | ग्राङ गाउँवस्ती संरक्षण | २० लाख | |
| १० | छुमी पुरानो राम्चे गोरेटो बाटो निर्माण | १५ लाख | |
| ११. | पलेप स्कुल देखि पेङमारी गोरेटो बाटो निर्माण | १० लाख | |
| १२. | थालङगाङ डुप्चे गोरेटो बाटो निर्माण | १० लाख | |
| १३. | कुउपा गोरेटो बाटो निर्माण | १५ लाख | |
| १४. | पुरानो व्यारेक कल्भर्ट निर्माण | २० लाख | |
| १५. | छहरे गोरेटो बाटो निर्माण | ७ लाख | |
| १६. | गोम्बाङ गोरेटो बाटो निर्माण | १० लाख | |
| १७. | बाँदरे तटबन्द निर्माण तथा जग्गा जमिन तथा घरबस्ती संरक्षण | १ करोड | |
| १८. | गुम्चेत पहिरो नियन्त्रण तथा घरवस्ती संरक्षण | १ करोड | |

**निर्णय नं. ८**

पूर्वाधार विकास कार्यालय रसुवाको मिति २०८२/०८/०१ को सहजीकरण गरिदिने सम्बन्धमाको पत्रानुसार पूर्वाधार विकास कार्यालयबाट ठेक्का प्रक्रियाद्धारा निर्माण व्यवसायी छनोट भै सम्झौता तथा कार्यदेश भएको कालिका गाउँपालिका अन्तरगत धारापानी रुप्सेपानी भदौरे जिवजिवे ग्रामिण सडक खण्डको धोवी खोलामा नयाँ सडक पुल निर्माण कार्य *(ठेक्का नं. IDO/Rasuwa/W/NCB/MYB-17/2081-82 निर्माण व्यवसायी KNS-NAC JV (कडेल निर्माण सेवा र न्यू A to Z JV) कार्य सम्पन्न गर्नु पर्ने सम्झौता अवधि २०८४/०२/२६ सम्म)* को लागि आवश्यक पर्ने नदि जन्य निर्माण सामाग्री (बालुवा- ४१२ घ.मी., गिट्टी - ७९५ घ.मी. र ग्रावेल- ८४० घ.मी.) निजी जग्गामा नदिले ल्याई थुपारेको नदिजन्य पदार्थको उत्खनन तथा प्रशोधन गरी अस्थायी क्रसर संचालन गरेर उपलब्ध गराउने गरी कालिका-४ स्थायी निवासी शिव प्रसाद अधिकारी र निर्माण व्यवसायी बिच सम्झौता भएको सम्झौता पत्र समेत संलग्न गरी अस्थायी क्रसर संचालनका निर्माण व्यवसायीले पूर्वाधार विकास कार्यालय रसुवामा अनुरोध गरेको र सो सम्बन्धमा आवश्यक सहजिकरण गरिदिन कालिका गाउँपालिकालाई अनुरोध भै आएको सन्दर्भमा निज शिव प्रसाद अधिकारीको निजी जग्गामा नदिले ल्याई थुपारेको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरी विक्री वितरणका लागि नियमानुसार वातावरणीय अध्ययन प्रतिवेदन (IEE) नेपाल सरकार र वागमती प्रदेश सरकारको वातावरण संरक्षण सम्बन्धी ऐन नियमानुसार सम्बन्धित निकायबाट स्विकृत गराई अनुमति पश्चात अस्थायी क्रसर संचालन गर्न गराउन कालिका गाउँपालिका गाउँ कार्यपालिकाको तर्फबाट सहमती प्रदान गर्ने साथै निज शिव प्रसाद अधिकारीले सम्बन्धित निकायबाट अस्थायी क्रसर संचालन अनुमती प्राप्त गरी उल्लेखित नदिजन्य पदार्थ विक्री वितरण सुरु भएपछि गाउँपालिकालाई तिर्नुपर्ने राजश्व प्रदेश सरकारले तोकेको दररेटमा उल्लेखित परिमाण वा पूर्वाधार विकास कार्यालयको प्रतिवेदनमा उल्लेख भएको परिमाणको आधारमा संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

कालिका गाउँपालिकाको आ.व. २०८२/०८३ को विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

कालिका गाउँपालिकाको उपाध्यक्ष विकास कार्यक्रम शिर्षकबाट खर्च भुक्तानी हुने गरी उपाध्यक्ष ज्यूको निर्देशनमा तत्कालै आवश्यक कार्यका लागि उपलब्ध गराउन खरिद भएको पाईपको रकम रु. १,२७,०००।- उपाध्यक्ष विकास कार्यक्रम शिर्षकबाट सम्बन्धित सप्लायर्सलाई भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११

कालिका गाउँपालिका वडा नं. ३ को वडा समितिको मिति २०८२/०५/२० को निर्णय नं. २ अनुमोदन गरी निर्णयानुसार कालिका-३, धारापानी निवासी श्री बोध नाथ लामिछानेको छोरा नमराज लामिछानेको औषधी उपचार सहयोग र सोही वडाको तारुके निवासी श्री नवराज पौडेलको घरवस्ती संरक्षणका लागि कालिका-३ तर्फ स्विकृत वडागत विपद् व्यवस्थापन तथा औषधी उपचार सहायता शिषर्कबाट जनही रु.५०,०००।– का दरले जम्मा रु. १ लाख भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२

कालिका गाउँपालिकाको विपद् तथा प्रकोप व्यवस्थापन कोषबाट तपशिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं. | विपद् सहायताको प्रकार | विवरण | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपन्न नगरिक किरिया खर्च | स्व.बुद्धमान मोक्तानको किरिया खर्च भुक्तानी | कालिका-५, रसुवा | रु. १०,०००।- | |
| २ | | स्व. चिनीमायाँ तमाङको किरिया खर्च भुक्तानी | कालिका-५, रसुवा | रु. १०,०००।- | |
| ३ | | स्व. मुरली बहादुर दमाईको किरिया खर्च भुक्तानी | कालिका-३, रसुवा | रु. १०,०००।- | |
| ४ | विद्यालय संरक्षण | निलकण्ठ नमूना मा.वि. संरक्षण कार्य | कालिका-५, रसुवा | रु.७०,०००।- | |
| ५ | उपचार सहायता | नवराज लामिछाने | कालिका-४, रसुवा | रु.३०,०००।- | |
| ६ | उपचार सहायता | रामकृष्ण पौडेलको छोरी अप्सरा पौडेल | कालिका-५, रसुवा | रु.३०,०००।- | |
| ७ | घरवस्ती संरक्षण | गोविन्द प्रसाद देवकोटा | कालिका-५, रसुवा | रु.२०,०००।- | |
| ८ | उपचार सहायता | रुद्र प्रसाद पौडेल | कालिका-५, रसुवा | रु.३०,०००।- | |
| ९ | उपचार सहायता | बुट्टी तामाङ | कालिका-१, रसुवा | रु.२०,०००।- | |
| १० | घरक्षती राहत | सुन्तली तामाङ | कालिका-१, रसुवा | रु.६०,०००।- | |
| ११ | गुम्बा संरक्षण | देछेलिङ गुम्बा संरक्षण | कालिका-२, रसुवा | रु.३०,०००।- | |
| १२ | पशु क्षती राहत | खुवा प्रसाद न्यौपाने | कालिका-३, रसुवा | रु. २०,०००।- | |
| १३ | टनेल संरक्षण | मिङमर तामाङ | कालिका-२, रसुवा | रु.३०,०००।- | |

निर्णय नं. १३

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ का लागि महिला विकास शाखा तर्फ विनियोजित तपशिलका शिर्षकहरुबाट तपशिलमा उल्लेखित विपन्न तथा दलित व्यक्तिहरुलाई तपशिलमा उल्लेखित कार्य सम्पन्नताको आधारमा अनुदान सहयोग भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।तपशिल

| क्र. सं. | सहयोग प्राप्त गर्ने व्यक्ति/संस्थाको नाम थर र ठेगाना | सहयोग उपलब्ध गराउने शिर्षक | सहयोग उपलब्ध गराइएको विषय र रकम । |
|---|---|---|---|
| १ | श्री लिला बहादुर भुषाल कालिका-२ रसुवा | दलित परम्परागत पेशा संरक्षण कार्यक्रम | बंगुर पालनका लागि रु.१५०००।– अनुदान स्वरुप भुक्तानी गर्ने । |
| २ | श्री व्यवस्था लामा कालिका-२ रसुवा | युवा लक्षित कार्यक्रम | ड्राईभिङ सेन्टरमा तालिम लिएर सवारी चालक अनुमति पत्र समेत प्राप्त गरेको हुँदा विपन्न युवा प्रोत्साहनका लागि जनही रु. १५०००।– आर्थिक सहायता भुक्तानी गर्ने । |
| ३ | श्री हिमाल नेपाली कालिका-२ रसुवा | युवा लक्षित कार्यक्रम | |
| ४ | श्री नमूना अपांग समाज नौकुण्ड-३ रसुवा | दिवसीय कार्यक्रम | २०८२ मंसिर १७ गतेको अन्ताराष्ट्रिय अपांग दिवस मनाउनका लागि गाउँपालिका अध्यक्ष ज्यूबाट मौखिक प्रतिवद्धता अनुसार रु. २८०००।– भुक्तानी गर्ने । |

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धुन्चे, रसुवा बागमती प्रदेश, नेपाल

प्रमाणित

२०८२/०८/२९ बिहान ११:०८ बजे